आज मिति २०७५ साल फागुन १२ गते बेलुका ५ बजे यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, का.वा. उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीत बहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री मान बहादुर ठाडा, (सदस्य सचिव) नि.प्रमुख प्रशासकीय अधिकृत
श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री कुल बहादुर खड्का, ना.सु.
श्री भगवती शाही, कार्यालय सहयोगी
श्री विमल रावत, स्वास्थ्य शाखा

Scanned by CamScanner

**प्रस्ताव नं. १ : अस्पताल स्थापना सम्बन्धमा ।**

निर्णय नं. १ : कर्णाली प्रदेशको प्रवेशद्धारको रुपमा रहेको साविकको छिन्चु गाविस शहरी क्षेत्र, जनसंख्याको अत्यधिक चाप तथा आसपासका जिल्ला तथा नगरपालिकाहरुबाट समेत आउने तथा नगरपालिकाको केन्द्रसमेत छिन्चु नै रहेको साथै नगरपालिकाको तेश्रो नगरसभाबाट समेत छिन्चुमा अस्पताल निर्माणका लागि निर्णय भई आएकाले स्वास्थ्य चौकी छिन्चुलाई यसअघि नै मन्त्रालयमा पेश भईसकेको १५ शैयाको अस्पतालको रुपमा अपग्रेड गर्ने सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : आवश्यक उपकरण तथा सामाग्री व्यवस्थापन ।**

निर्णय नं. २ : यस नगरपालिकामा आवश्यक पर्ने तपसिल बमोजिमका सामाग्रीहरु उपलब्ध गराईदिनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखालाई आग्रह गर्ने निर्णय गरियो

तपसिल

| क्र.सं. | विवरण | थन | कैफियत |
|---|---|---|---|
| १ | एम्बुलेन्स | १ थान | |
| २ | D Freeze | १ थान | |
| ३ | रेफिजेनेरेटर | १५ थान | |
| ४ | डेलिभरी बेड र म्याट्रेस | १५ थान | |
| ५ | वेवटिङ्ग बेड र म्याट्रेस | १० थान | |
| ६ | स्टील दराज | १५ थान | |
| ७ | स्टील र्‍याक | १५ थान | |
| ८ | विरामी जाँच्ने टेबुल | १५ थान | |
| ९ | Revolving Chair | १५ थान | |
| १० | Oxymeter | ६ थान | |
| ११ | Nebulizer | ५ थान | |
| १२ | Gulcometer | १५ थान | |
| १३ | Dental set | १५ थान | |
| १४ | ENT SET | १५ थान | |
| १५ | Digital weight machine | २० थान | |
| १६ | Aloclve non electric | १५ थान | |
| १७ | Delivery set | १२ थान | |
| १८ | ECG machine | ५ थान | |
| १९ | Baby weight machine | २० थान | |

साथै यस नगरपालिकाको ल्याव संचालनका लागि आवश्यक पर्ने तपसिल बमोजिमका सामाग्री/औजारहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखा तथा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाखा टेकुलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विवरण | थान | कैफियत |
|---|---|---|---|

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| १ | Microscope | १५ थान | |
| २ | Color meter | १५ थान | |
| ३ | Centifuge | १५ थान | |
| ४ | Hot Air Oven | १५ थान | |
| ५ | Auto clave electric | १५ थान | |
| ६ | Water bath | १५ थान | |
| ७ | shail set | १५ थान | |
| ८ | Micros pipntle | १५ थान | |
| ९ | DC Countor | १५ थान | |
| १० | Countiting Chamber | १५ थान | |
| ११ | Testtube–kahn tube | १५०० पिस | |
| १२ | Slide (1*50) | ३० पिस | |
| १३ | Test tube rack | १५ थान | |
| १४ | Coversip(1*20) | १५ थान | |
| १५ | Sprit lamp | १५ थान | |
| १६ | 3 Ml syring | १५०० | |
| १७ | Timer | १५ | |
| १८ | Gloves | ५० बक्स | |
| १९ | Tipe small | १५०० पिस | |
| २० | Cotton roll | १०० बक्स | |
| २१ | Turniquit | ३० पिस | |
| २२ | ESR tube | ७५ पिस | |
| २३ | ESR stand | १५ पिस | |
| २४ | Uritix 100 test | १५ पिएच | |
| २५ | Pregancy test 25 test | १५ पिएच | |
| २६ | EDTA powder 100 | १५ पिस | |
| २७ | Digital BP set | १५ पिस | |
| २८ | x-ray machine | ५ पिस | |
| २९ | USG machine | ५ पिस | |
| ३० | Filter | २० थान | |
| ३१ | स्टेचर | २६ थान | |
| ३२ | ह्वील चियर | २० थान | |

**प्रस्ताव नं. ३ : अदालतबाट फैसला भएको सडक अतिक्रमण हटाउने सम्बन्धमा ।**

Scanned by CamScanner

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिका विपक्षि र धर्मराज बुढाक्षेत्री लगायत निवेदक रहेको अ.आ. सहितको उत्प्रेषणको आदेश जारी गरी पाउँ भन्ने मुद्धा नं. ०७३-WO-०००१ को मुद्धाको सम्मानित उच्च अदालत सुर्खेतको मिति २०७४/२/१९ को फैसलालाई अनुसरण गर्दै यस नगरपालिकाबाट इलाका प्रहरी कार्यालय छिन्चुदेखि सानो बरको रुखसम्मको २०२९ सालको सर्भे नापी नक्सा अनुसारको सार्वजनिक सडक अतिक्रमण गरी बनाईएका संरचनाको हकमा मिति २०७४/९/१९ र २०७४/११/२२ गतेको पत्र तथा २०७४/११/२२ को सार्वजनिक सूचना बाट सफाईको मौका दिईएकोमा सो समयमा सफाई पेश नगरेका र सफाई पेश गरेकाहरुको सन्दर्भमा सफाईको लागि मनासिब नदेखिएका सडक अतिक्रमण गरी वनाईएका संरचनाहरुलाई हटाउने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्तावन नं. ४ : प्रदेश ट्राफिक प्रहरी कार्यालय स्थापना सम्बन्धमा ।**

निर्णय नं. ४ : कर्णाली प्रादेशिक ट्राफिक प्रहरी कार्यालय स्थापनाका लागि आवश्यक पर्ने जग्गा व्यवस्थापनका लागि यस नगरपालिकाको वडा नं. १२ मा रहेको रेडक्रस भवनभन्दा १० मिटर पश्चिम सडक क्षेत्रको उत्तरमा रहेको नगरपालिकाको जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा ।**

निर्णय नं. ५ : यस नगरपालिकाको वडा नं. ८ मा हालसम्म स्वास्थ्य चौकीको भवन नभई कार्यसम्पादन गर्न समस्या भएकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्तावन नं. ६ : रकम विनियोजन सम्बन्धमा ।**

निर्णय नं. ६ : कारागारलाई पुस्तक अभियान अन्तर्गत यस नगरपालिकाबाट ३० हजार रुपैयाँ लक्षित शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो । साथै यस नगरपालिका तथा घरेलु तथा साना उद्योग विकास समितिको सहकार्यमा संचालन भईरहेको ढाँका बुनाई, व्याग, टाई निर्माण तालिममा यस अघि विनियोजन गरेको रकम अभाव भएकाले १ लाख ६० हजार रुपैयाँ लक्षित बर्गबाट विनियोजन गरी मेसीन किन्ने कार्यको रकम थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ : हाइबाङ्ग सस्पेन्सन झो.पु. निर्माण योजनाका DPR तथा खरिद सम्झौता गर्दाको बखतमा खोलाको बहाव पूर्वानुमान गर्न नसकिएको कारणले कार्यान्वयनको क्रममा Span बढाउन आवश्यक भई केही आइटममा Variation Chart बमोजिम थप परिमाणको कार्य व्यवस्थापन तथा संशोधित लागत अनुमान स्वीकृत गर्ने सम्वन्धमा ।

निर्णय नं. ७: प्रस्ताब नं.  माथि छलफल गर्दा उक्त झो.पु. निर्माण योजनाको भेरीएसन आदेश जारी गर्न मानसिब कारण देखिएको हुदाँ भेरीएसन समेतको संशोधित लागत अनुमान स्वीकृत गरी Variation Chart बमोजिम थप परिमाणको कार्य मध्ये स्टिल पार्टस फेब्रिकेशन र ग्याल्भनाइजेशन तथा रोडहेडसम्मको ढुवानी कार्यको थप आर्थिक दायित्व ५ लाख भन्दा कम रहेकोले  हाल डोली (साबिक डोलिडार) मा सूचीकृत भई वेभसाइटमा राखिएका standing list of fabricators मध्ये कम्तीमा तिन वटा फर्महरुसगँ कोटेशन माग गरी न्यनतम मूल्याङ्कित फर्मबाट खरिद गर्ने तथा बाँकी कार्य नेपाल सरकार र स्वीस सरकार बीच छोटो तरिको झो.पु. निर्माण कार्य संचालन निर्देशिका तथा साविकको सम्झौता बमोजिम व्यवस्थापन गर्ने गरी निर्णय गरियो ।

Scanned by CamScanner